# पुतलीवजार नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, स्याङ्जा

कर्मचारी आवश्यकता सम्बन्धी सूचना !!

प्रथम पटक प्रकाशित मिति २०७९।०५।१९

सुरक्षित आप्रवासन -सामी_ कार्यक्रम अन्तर्गत स्याङ्जा जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र सञ्चालन गर्न तथा पुतलीवजार नगरपालिकामा वैदेशिक रोजगार सम्वन्धी सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ।

| क्र. सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | कार्यक्रम संयोजक | १ | मानवीकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी ५ वर्षको कार्यानुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा कम्तीमा २ बर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रहि कार्य गरेको अनुभव प्राप्त गरेको। वैदशिक रोजगार सँग सम्बन्धित पिडीत व्यक्तिहरुले प्राप्त गर्ने सेवा तथा आर्थिक सहायता एंव अन्य सहयोगका प्रक्रियाका बारेमा प्रस्ट जानकारी भएको। |
| २ | सामाजिक परिचालन अधिकृत | १ | न्यूनतम स्नातक तह उत्तिर्ण गरी २ वर्ष सामाजिक परिचालनको क्षेत्रमा कार्य अनुभव भएको। सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेको अनुभव भएको र सामाजिक परिचालन सम्बन्धी तालीम लिएकोलाई प्राथमिकता दिइनेछ। |
| ३ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | २ (एक जना महिला सहित) | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्य र सामाजिक परिचालनको क्षेत्रमा कम्तीमा ३ वर्षको कार्यानुभव भएको। साथै स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयमा शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिईनेछ।। |
| ४ | मनोसामाजिक परामर्शकर्ता | १(महिलालाई प्राथमिकता दिईने) | • कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालीम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको।<br>• मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, |

गणेश प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | | पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>• मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ। |
| ५ | वित्तीय साक्षरता सहजकर्ता | १ | ▪ न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा वयस्क साक्षरता वा अध्यायपनमा २ वर्षको अनुभव भएको<br>▪ सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| ६ | रिटर्नी स्वयंसेवक (आंशिक) | ३ | न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

**कार्य अवधिः** कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ ।

**परिक्षाको किसिम** : लिखित, अन्तवार्ता ।

**तलव तथा अन्य सुविधा** : कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक क्र.स १ र २ को पदको हकमा स्याङ्गजा जिल्ला भित्र स्थायी बसोबास भएका र अन्य पदको हकमा पुतलीवजार नगरपालिकामा स्थायी वसोवास भएका नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित पुतलीवजार नगरपालिकामा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**छनौट प्रक्रियाः**

प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित र अन्तर्रवार्ता परिक्षामा समावेश गरिने छ । प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ ।

**दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशन भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

**पाठ्यक्रम :-** पुतलीबजार नगरपालिकाको वेबसाइट https://putalibazarmun.gov.np/ बाट प्राप्त गर्न सकिनेछ । परीक्षा सम्बन्धी अन्य कार्यक्रम अर्को सूचना द्वारा जानकारी गरईनेछ ।

..............................................

गणेश प्रसाद अर्याल

प्रमुख प्रशासकीय अधिकृत

गणेश प्रसाद अर्याल

प्रमुख प्रशासकीय अधिकृत